धनगढीमाई नगरपालिका
Dhangadhimai Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of The Municipal Executive
धनगढी, सिरहा, प्रदेश नं. २, नेपाल
Dhangadhi, Siraha, Province No. 2, Nepal
www.dhangadhimaimun.gov.np
mundhangadhi@gmail.com
033-545238, 033-545271

मेरो गणना मेरो सहभागिता
राष्ट्रिय जनगणना २०७८

प.सं.(Letter No.): २०७८/०७९
च.नं.(Ref.No.):

मिति: २०७८।०८।०३

## धनगढीमाई नगरपालिका भित्रका अभिलेखीकरण गर्न छुट भएका घर नक्सा तथा भौतिक संरचनाहरुको अभिलेखीकरण गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना।

यस धनगढीमाई नगरपालिकाका नगरवासीहरुको सुविधालाई ध्यानमा राखी धनगढीमाई नगरपालिका क्षेत्र भित्र नगरपालिका स्थापना हुनु भन्दा पहिले निर्माण सम्पन्न भएका वा नगरपालिका स्थापना भै सकेपछि नगरपालिकाबाट स्वीकृति लिई वा नलिई, नक्सा पास नभएको वा पास भएको नक्सामा स्वीकृति वेगर आफू खुसी हेरफेर गरी बनाइएका, राष्ट्रिय भवन संहिता र मापदण्ड पालना गरी वा नगरी निर्माण सम्पन्न भएका घर तथा अन्य भौतिक संरचनाहरुको संरचनागत (Structural) सुरक्षाको जिम्मेवारी स्वंय घरधनीमा रहने गरी घर नक्सा अभिलेखीकरणको लागि नगरवासीहरुलाई यो अन्तिम पटक मौका प्रदान गरिएको छ। यस्तो मौका फेरी फेरी नआउने भएको हुदाँ यो सूचना प्रकाशन भएपछि नगरपालिकाको राजश्व उप शाखामा रु.५००।- नगद तिरी नक्सा किताब प्राप्त गरी नक्सा किताबको विवरणहरु भरी निम्न शर्तहरु पालना गरी आवश्यक कागजातहरु संलग्न राखी नक्सा किताब साथ घर वा अन्य भौतिक संरचनाहरुको नक्सा मिति २०७८ साल पुषमसान्त भित्र नगर कार्यपालिकाको कार्यालयमा पेश गर्नु हुन सम्पूर्ण सरोकारवाला नगरवासीहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**शर्त तथा आवश्यक कागजातहरु:**

१ नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपी - १ प्रति
२ जग्गाधनी प्रमाणपत्रको प्रमाणित प्रतिलिपी - १ प्रति
३ जग्गाको नापी कार्यालयबाट प्रमाणित पूर्ण नक्सा/फाईल/ट्रेस नक्सा - १ प्रति
४ जग्गाको चारकिल्ला खुलेको प्रमाणपत्र प्रतिलिपी - १ प्रति
५ सम्पत्ती तथा भूमीकर तिरेको रसिदको प्रतिलिपी - १ प्रति
६ सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र - १ प्रति
७ जग्गाधनीको पासपोर्ट साईज रंङ्गीन फोटो - २ प्रति
८ घर वा भौतिक संरचनाको रङ्गीन फोटो A4 Size - १ प्रति
९ ईन्जिनियरिङ्ग Consultancy बाट तयार पारिएको घरनक्साहरु यस कार्यालयमा आ.ब.२०७८।०७९ मा सूची दर्ता भएका Consultancy हरुबाट तयार भएको हुनुपर्ने छ।
१० घर नक्सा पास/नियमित अभिलेख दर्ता वापतको राजश्व रकम नगरपालिकाको तोकिएको दरमा घर नक्साको कूल क्षेत्रफलको आधारमा बुझाउनु पर्नेछ।
११ घर नक्सा तयार गर्ने प्राविधिकको नेपाल ईन्जिनियरिङ्ग Council मा दर्ता भएको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्ने छ।
१२ रित पूर्वक पेश नभएका तथा समय सीमा नाघेर पेश हुन आएका घर नक्साहरु अभिलेखीकरण हुने छैनन्।
१३ यो सूचना प्रकाशन भए पछि पनि नक्सा पास नगरी अटेर गरी बनाइएका घर तथा भौतिक संरचनाहरु अभिलेखीकरण हुने छैनन्। त्यस्ता घर तथा भौतिक संरचनाहरु निर्माण भएको भेटिएमा नियमानुसार कारवाही हुनेछ।
१४ घरधनीको नाममा नै नक्सा किताबको रसिद काटिएको हुनुपर्नेछ। एउटा व्यक्तिको नाममा बुझाएको राजश्व भौचर संलग्न गरी अर्को व्यक्तिले घर नक्सा पेश गर्न पाउने छैन।

प्रमुख प्रशासकीय अधिकृत